# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७६/२०८२/०८३

## मितिः २०८२।०४।०७ गते बसेको बैठक

**प्रस्तुत विषयमा कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको ७६ औं बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल गरियो।**

**बैठक बसेको समयः विहान ११.०० बजे।**

**तपसिल**

| **प्रस्तावको विषय** | **प्रस्ताव नं.** |
|---|---|
| निर्माणाधीन योजना संचालन सम्बन्धमा। | १ |
| करार सेवामा कार्यरत कर्मचारी सम्बन्धमा | २ |
| सामुदायिक विद्यालयको लेखापरीक्षण पारिश्रमिक सम्बन्धमा। | ३ |
| सडक तथा विद्यालय मर्मत सम्भार गर्ने सम्बन्धमा। | ४ |
| विविध। | ५ |

**गाउँपालिका**
**अध्यक्ष**

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८२।०४।०६ गते जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष    १ नं. वडा अध्यक्ष    २ नं. वडा अध्यक्ष    ३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष    ५ नं. वडाध्यक्ष    ६ नं. वडा अध्यक्ष    ७ नं. वडा अध्यक्ष

**गाउँ कार्यपालिकाका सदस्यहरुः**

पदम कुमारी कार्की    साउनी माझी    सुशिला श्रेष्ठ    प्रमिला परियार

झपटुलाल राजबंशी    सुफल मुर्मु सतार    रखिलाल चौधरी

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७६/२०८२/०८३
# मितिः २०८२।०४।०७ गते बसेको बैठक

**श्री**

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्नामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी पूर्व निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन मितिः २०८२।०४।०७

बैठक सञ्चालन स्थानः कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, भौंसाबारी, मोरङ।

बैठक बसेको समयः बिहान११.०० बजे।

उपस्थिति

| सि.नं. | पदाधिकारीहरुको नाम थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री राजमती इङ्नाम | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री भोला प्रसाद अधिकारी | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री रत्न बहादुर कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री शुशिल बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गोपाल बहादुर कार्की | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री रमेश राउत | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्ग बहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री सुशिला श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री झपटुलाल राजबंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री सुफल मुर्मु सतार | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री हिराकुमारी यादव, प्रमुख प्र.अधिकृत | गाउँ कार्यपालिका सचिव | |
| १७. | श्री रखिलाल चौधरी | का.वा.वडा अध्यक्ष, ५ नं. वडा | |

**कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७६/२०८२/०८३**
**मितिः २०८२।०४।०७ गते बसेको बैठक**

अन्य उपस्थितिः-

| | | | |
|---|---|---|---|
| १. | श्री अलङ गुरुङ | सूचना तथा प्र.अ. | |
| २. | श्री कृष्णबहादुर दास | | |
| ३. | श्री राजकुमारी तामाङ | | |

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७६/२०८२/०८३
# मितिः २०८२।०४।०७ गते बसेको बैठक

## निर्णय नं.(१)

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका अन्तर्गतका देहायका निर्माण आयोजना बहुवर्षीय आयोजनाको रुपमा सञ्चालन गर्ने गरी ठेक्का सम्झौता भई आयोजना कार्यान्वयनको चरणमा रहेको अवस्थामा निर्माण स्थलमा स्थानीय जनताबाट अवरोध श्रृजना भई निर्माण स्थल उपलब्धतामा ढिलाई हुनु लगायतका कारणबाट तोकिएको समयमा निर्माण कार्य सम्पन्न नभएको हुँदा आयोजनाको म्याद थपको लागि सम्बन्धित निर्माण कम्पनीबाट कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालयलाई थप आर्थिक दायित्व नपर्ने गरी सो आयोजनाहरुको देहाय बमोजिम म्याद थप गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

तपसिल

| क्र. सं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | हाल सम्मको प्रगति अवस्था | कैफियत |
|---|---|---|---|---|
| **क** | **गत आ. व. २०८०/०८१ का योजनाहरु** | | | |
| १ | UPGRADING OF ROAD AT KANEPOKHARI RURAL MUNICPIALITY, WARD 1,2,3,5 (KRM/NCB/08/CIVIL/079/80) | M/S Solid Builders & Suppliers Pvt. Ltd., Kathmandu. | करीव ७५% | |
| २ | CONSTRUCTION OF PEOPLES HOUSING UNITS (PHASE 3) AT KANEPOKHARI 2, PRADHAN TOL, (KRM/NCB/06/CIVIL/080/81) | M/S Baraha Nirman Sewa, Barahachhetra - 06, Sunsari. | करीव ८५% | |
| ३ | UPGRADING OF ROAD AT KANEPOKHARI RURAL MUNICIPALITY WARD 4,6,7, (KRM/NCB/09/CIVIL/079/80) | M/S Ali Builders Pvt. Ltd., Inaruwa - 05, Sunsari. | करीव ७५% | |
| **ख** | **चालु आ. व. २०८१/०८२ का योजनाहरु** | | | |
| १ | Road Improvement Work of Bhausabari Tribeni Chowk Gairigaun Section And Hastinapur Hattidubba Gairigaun Section At Kanepokharu Rural Municipality Ward No. 4, KRM/NCB/WORKS/01/081/82 | तुलसा कन्स्ट्रक्सन, बिराटनगर म.न.पा. ११, मोरङ्ग | करीव ७५% | |
| २ | Construction of Academic Block at Shikshya Bikas Madhyamik Bidhyalaya School First Floor, KRM/NCB/WORKS/03/081/82 | श्री बरदान निर्माण एण्ड सप्लायर्स प्रा.लि .११, सुन्दरहरैचा न.पा .१२, मोरङ्ग | करीव ६०% | |
| ३ | Improvement of Laxmi Narayan Mandir Compound, KRM/NCB/WORKS/04/081/82 | श्री आभाष कंट्रक्सन प्रा.लि., कानेपोखरी गा. पा. ०५ मोरङ्ग | करीव ८५% | |
| ४ | CONSTRUCTION OF TOURISM INFRASTRUCTURES AT HISTORICAL KANEPOKHARI, KANEPOKHARI RM -7 (Contract ID no. KRM/NCB/WORKS/07/2081/82) | Bhumiradha Builders विराटनगर - ०१, मोरङ्ग । | करीव ५0% | |
| ५ | COMMUNITY HOUSING PROJECT | सुरक्षित नागरिक आवास उ.स, कोलटोल पश्चिम | करीव ९0% | |
| ६ | COMMUNITY HOUSING PROJECT | सुरक्षित नागरिक आवास उ.स, कोलटोल पूर्व | करीव ९0% | |

माथि उल्लेखित योजनाहरुको मिति २०८२/०९ /१५ सम्म म्याद थप गर्ने । म्याद थप भएको अवधिभित्र पनि कार्य सम्पन्न हुन नसकेमा सार्वजनिक खरिद नियमावली (संसोधन सहित) २०६४ को नियम १२१ क बमोजिम क्षतिपुर्ति (LD) लगाई कार्य सम्पन्न गराउने । उल्लेखित अवधि भित्र पनी कार्य सम्पन्न हुन नसकेमा ठेक्का/ सम्झौता अन्त्य गर्ने ।

# कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/७६/२०८२/०८३
# मितिः २०८२।०४।०७ गते बसेको बैठक

## निर्णय नं.(२)

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिकाको कार्यालय अन्तर्गतका विभिन्न शाखाहरुमा करार सेवामा कार्यरत तपसिल बमोजिमको कर्मचारीहरुको यहि मिति २०८२।०४।०१ गते देखि मिति २०८२।०९।३० गते सम्म म्याद थप गर्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(३)

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा यस पालिकामा रहेको सामुदायिक विद्यालयको लेखापरीक्षण पारिश्रमिक माध्यमिक विद्यालयहरुको रु.१५,०००।—(अक्षेरुपी पन्ध्र हजार) र आधारभूत विद्यालयहरुको रु.१०,०००।— (अक्षेरुपी दश हजार) तोक्ने निर्णय सर्वसम्मतबाट पारित गरियो।

## निर्णय नं.(४)

प्रस्ताव नं.(४) का सम्बन्धमा छलफल गर्दा प्रत्येक वडाका मुख्य सडकहरुमा सवारी चापका आधारमा जीर्ण तथा भत्केका खाल्डा खुल्डी भएका सडकहरुको अत्यावश्यक स्थानमा मर्मत सम्भार गर्नु पर्ने स्थानहरु वडाबाट यकीन गरी लागत अनुमान सहित गाउँ कार्यपालिकाको कार्यालयमा ७ दिन भित्र पेश गर्ने, वडाबाट सिफारिस भई आएका सडकहरुको अनुगमन समिति तथा प्राविधिकबाट स्थलगत अनुगमन गरी मर्मत सम्भार गर्नु पर्ने सडकहरुको बढीमा रु.५ लाख सम्मको मर्मत सम्भार कार्य गराउन मर्मत सम्भार कोषबाट खर्च लेख्ने गरी गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिइयो।